आकाशवाणी समाचार- नेपाली

मितिः २० मई २०२५

समयः ०७.२५ - ०७.३५ बजे (*अवधिः १० मिनट*)

मुख्य समाचार

- उपराष्ट्रपति जगदीप धनखडले लोकतन्त्रको अस्तित्व र विकासका लागि बलियो न्यायिक प्रणाली आवश्यक रहेको बताउनु भएको छ।

- कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले आज नयाँ दिल्लीमा कृषि विश्वविद्यालयका उपकुलपतिहरू र आई.सी.ए.आर. संस्थानका निर्देशकहरूको वार्षिक सम्मेलनको उद्घाटन गर्नु हुनेछ।
- विदेश सचिव विक्रम मिश्रीले हिज संसदीय स्थायी समितिलाई भारत र पाकिस्तानको सम्बन्धमा वर्तमान विदेश नीति विकासको बारेमा जानकारी गराउनु भयो।

- पहिलो खेलो इंडिया बीच गेम्स हिजो साँझ दीवको घोघला बीचमा सुरु भयो।

- अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रूस अनि यूक्रेनबीच युद्ध विराम अनि युद्ध समाप्त गर्नका लागि प्रत्यक्ष बातचीत शुरू गर्ने बताउनु भएको छ।

उपराष्ट्रपति- पुस्तक विमोचन

उपराष्ट्रपति जगदीप धनखडले लोकतन्त्रको अस्तित्व र विकासका लागि बलियो न्यायिक प्रणाली आवश्यक रहेको बताउनु भएको छ। हिजो साँझ नयाँ दिल्लीमा एक पुस्तक विमोचन समारोहलाई सम्बोधन गर्नु हुदै श्री धनखडले भन्नु भयो, विश्वभर अनुसन्धान कार्य, कार्यपालिकाको कार्य क्षेत्रमा पर्दछ र यसबारे निर्णय लिने जिम्मेवारी न्यायपालिकाको हो। न्यायाधीश यशवंत वर्मा नगद विवादलाई उल्लेख गर्नु हुदै उपराष्ट्रपतिले यस मुद्दाको द्रुत अनुसन्धानमा जोड दिनु भयो। उहाले भन्नु भयो, 1991 मा पनि यस्तै अवस्था सिर्जना भएकोले के. वीरस्वामीको निर्णयमाथि पुनर्विचार गर्ने समय आएको छ। यो कुरा सर्वोच्च अदालतले वीरस्वामी मुद्दामा दिएको निर्णयबाट उत्पन्न भएको हो। समारोहमा श्री धनखडले **द कन्स्टिट्यूशन वी अडेप्टेड** शीर्षकको पुस्तकको विमोचन गर्नु भयो। यस पुस्तकका लेखक सर्वोच्च अदालतका वरिष्ठ अधिवक्ता विजय हंसारिया हुन्।

शिवराज- आईसीएआर सम्मेलन

कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले आज नयाँ दिल्लीमा कृषि विश्वविद्यालयका उपकुलपतिहरू र आई.सी.ए.आर. (ICAR) संस्थानका निर्देशकहरूको वार्षिक सम्मेलनको उद्घाटन गर्नु हुनेछ। सम्मेलनको विषयवस्तु 'एकीकृत कार्य: २०४७ सम्ममा विकसित भारतको लागि कृषि अनुसन्धान, शिक्षा र विस्तारलाई आकार दिने' रहेको छ। कार्यक्रमको क्रममा, श्री चौहानले भारतको दीर्घकालीन विकासको लागि राष्ट्रिय कृषि अनुसन्धान प्रणाली सम्बन्धी उच्चस्तरीय प्यानलको अध्यक्षता पनि गर्नु हुनेछ। कृषि तथा किसान कल्याण मन्त्रालयले कार्यक्रममा अग्रणी नीति निर्माता, चिन्तक र शैक्षिक विज्ञहरूको उपस्थिति रहने बताएको छ जसले देशको कृषि नवप्रवर्तन प्रणालीलाई सुदृढ पार्न आवश्यक नीतिगत सुधारहरूको बारेमा छलफल गर्नेछन्।

शशी थरुर – विदेश सचिव

विदेश सचिव विक्रम मिश्रीले हिज संसदीय स्थायी समितिलाई भारत र पाकिस्तानको सम्बन्धमा वर्तमान विदेश नीति विकासको बारेमा जानकारी गराउनु भयो। उहाले कांग्रेस सांसद शशि थरुरको नेतृत्वमा रहेको समितिलाई अपरेशन सिन्दूर र त्यसपछि पाकिस्तानसँगको युद्धविरामको घोषणाको बारेमा जानकारी गराउनु भयो। पहिलो पटक, एक शीर्ष सरकारी अधिकारीले पहलगाम

आतंकवादी हमला पछिको विदेश नीति विकास र पाकिस्तान र पाकिस्तान-कब्जा गरिएको जम्मू-कश्मीरमा आतंकवादी शिविरहरूमाथि भारतको कारबाहीको बारेमा संसदीय प्यानललाई जानकारी गराएका छन्। सञ्चारकर्मीसँग कुरा गर्नु हुदै श्री शशि थरुरले बैठकमा स्थायी समितिका २४ सदस्यहरूसँग व्यापक रूपमा , समृद्ध र विस्तृत छलफल भएको बताउनु भयो। उहाले समितिले विभिन्न तरिकाले धेरै रचनात्मक मुद्दाहरू उठाएको र विभिन्न प्रश्नहरूको सन्तोषजनक जवाफ दिएको बताउनु भयो।

उपराष्ट्रपति - गोवा

उपराष्ट्रपति जगदीप धनखड आज गोवाको तीन दिवसीय भ्रमणको लागि प्रस्थान गर्नु हुनेछ । यस क्रममा उहाले भोलि मोर्मुगाओ बन्दरगाहका नयाँ परियोजनाहरूको उद्घाटन गर्नु हुनेछ। उपराष्ट्रपतिले बन्दरगाह प्राधिकरणका वरिष्ठ अधिकारीहरू र कर्मचारीहरूसँग अन्तरक्रिया गर्नुहुनेछ। उहाँले तटरक्षक जहाजमा रहेका वरिष्ठ अधिकारीहरूसँग पनि वार्ता गर्नुहुनेछ। उपराष्ट्रपतिले बिहीबार केन्द्रीय तटीय कृषि अनुसन्धान संस्थानको भ्रमण गर्नुहुनेछ र संकाय सदस्यहरू र वैज्ञानिकहरूसँग अन्तरक्रिया गर्नुहुनेछ। श्री धनखरले आयुर्वेद र शल्यक्रियामा उत्कृष्ट योगदान पुऱ्याएको सम्झनामा राजभवनमा चरक र सुश्रुतको मूर्तिहरूको अनावरण पनि गर्नु हुनेछ।

खेलो इन्डिया

पहिलो खेलो इंडिया बीच गेम्स हिजो साँझ दीवको घोघला बीचमा सुरु भयो। केन्द्रीय खेलकुद मन्त्री मनसुख मांडवीयले एक भव्य समारोहमा खेलकुदको उद्घाटन गर्नु भयो। महोत्सवले विभिन्न परम्परागत नृत्यहरू मार्फत भारतको समृद्ध विविधता प्रदर्शन गऱ्यो। यस अवसरमा श्री मांडवीयले भारत २०४७ सम्ममा खेलकुद महाशक्ति बन्न प्रतिबद्ध रहेको दोहोऱ्याउनु भयो।

BYTE

यी खेलहरूमा तीस राज्य र केन्द्र शासित प्रदेशहरूका एक हजार तीन सय पचासभन्दा बढी खेलाडीहरूले विभिन्न प्रतियोगिताहरूमा भाग लिनेछन्। खेलाडीहरूले फुटबल, भलिबल, सेपकट कराव, कबड्डी, पेनकाक सिलाट र स्वीमिंग प्रतियोगितामा छ पदकका लागि प्रतिस्पर्धा गर्नेछन्। मल्लखम्ब र डोरी तान्ने प्रतियोगिता पनि हुनेछन्, तर यसमा पदक दिइने छैन। प्रधानमंत्री नरेन्द्र मोदीले खेलो इंडिया बीच गेम्सलाई देशको खेल इतिहासमा जल क्रीडाका लागि महत्वपूर्ण रहेको बताउनु भएको छ। उहाले आफ्नो सन्देशमा आयोजकलाई बधाई तथा शुभकामना दिनु भएको छ।

मन की बात

प्रधानमन्त्री नरेन्द्र मोदीले आगामी २५ मईको दिन आकाशवाणीमा मन की बात कार्यक्रममा देश तथा विदेशका जनतासँग आफ्ना विचार साझा गर्नु हुनेछ। यो मासिक रेडियो कार्यक्रमको १२२ औं एपिसोड हुनेछ। मानिसहरूले टोल-फ्री नम्बर १८००-११-७८०० मार्फत आफ्ना विचार र सुझावहरू पेश गर्न सक्ने छन्। उनीहरूले नरेन्द्र मोदी एप वा MyGov ओपन फोरम मार्फत पनि आफ्ना सुझावहरू साझा गर्न सक्छन्। आगामी एपिसोडहरूको लागि सुझावहरू यस महिनाको २३ तारिखसम्म स्वीकार गरिनेछ।

भारत-नेपाल सेना- कंचनजंगा

भारत अनि नेपाली सेनाको संयुक्त टोलीले विश्वको तेस्रो अग्लो शिखर कञ्चनजंघाको सफलतापूर्वक आरोहण गरेको छ। भारतीय टोलीमा सर्फराज सिंह, छिरिङ दोर्जे, तरुण सिंह सिन्धु, सञ्जय कुमार र सतीश सिंह थिए भने नेपालबाट प्रशान्त खड्का, जनक साउद, नवीन तारामी मगर र अमरबहादुर कार्की सहभागी थिए। यस अभियानमा आठ शेर्पा पर्वतारोहीहरूले संयुक्त टोलीलाई सहयोग गरे। यो सफल आरोहणलाई दुई देशबीचको सैन्य सहयोग र पर्वतारोहणको दिशामा एक महत्वपूर्ण उपलब्धि मानिएको छ ।

छगन भुजबल

राष्ट्रवादी कांग्रेस पार्टीका वरिष्ठ नेता छगन भुजबललाई आज महाराष्ट्र मन्त्रिपरिषद्मा समावेश गरिनेछ। शपथ ग्रहण समारोह बिहान दश बजे हुनेछ। श्री भुजबलले खाद्य तथा नागरिक आपूर्ति विभाग पाउने अपेक्षा गरिएको छ। पूर्व मुख्यमन्त्री एकनाथ शिन्देको नेतृत्वको सरकारमा उहालाई सोही मन्त्रालय दिइएको थियो।

जेम-सीईओ

सरकारी ई-मार्केटप्लेस-जेम विश्वको सबैभन्दा ठूलो र पहुँचयोग्य सार्वजनिक ई-खरीद प्लेटफर्म साबित भएको छ। यो जानकारी हिजो नयाँ दिल्लीमा ८ औं जेम दिवसको अवसरमा जेमका प्रमुख कार्यकारी अधिकारी मिहिर कुमारले पत्रकारहरूलाई दिनु भएको हो। उहाले भन्नु भयो, जेमको प्लेटफर्ममा दस लाखभन्दा बढी सूक्ष्म, साना तथा मझौला उद्यमहरू, एक लाख तीस हजार हस्तकलाकार र बुनकरहरू, एक लाख ८४ हजार महिला उद्यमीहरू र ३१ हजार स्टार्टअपहरू उपलब्ध छन्। श्री मिहिर कुमारले केवल आठ वर्षमा, जेम प्लेटफर्मले अधिकतम सार्वजनिक खरिद र बलियो डिजिटल वातावरण सिर्जना गरेको बताउनु भयो। उहाले भन्नु भयो जेममा हुने ९७ प्रतिशत कारोबार अब कुनै पनि शुल्कमुक्त छन्। सबै ३६ राज्य र केन्द्र शासित प्रदेशहरूमा जेम अपनाइएको छ।

ट्रम्प-युद्ध विराम वार्ता

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रूस अनि यूक्रेनबीच युद्ध विराम अनि युद्ध समाप्त गर्नका लागि प्रत्यक्ष बातचीत शुरू गर्ने बताउनु भएको छ।रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग लामो टेलिफोन वार्तापछि उहाले श्री पुटिनसँगको वार्ता सकारात्मक रहेको र दुवै देश वार्ताका लागि तयार रहेको बताउनु भयो। सामाजिक सञ्जाल पोस्टमा, श्री ट्रम्पले जोड दिनु हुदै भन्नु भयो, रूस र युक्रेनले आफैंले शान्ति वार्ता गर्नु पर्छ, किनभने उनीहरूले द्वन्द्वलाई राम्रोसँग बुझ्छन्। श्री ट्रम्पले यो पनि भन्नु भयो, रूस युद्ध पछि अमेरिकासँग प्रमुख व्यापार सम्झौता गर्न इच्छुक छ र यसले धेरै रोजगारी र सम्पत्ति सिर्जना गर्न सक्छ।

BYTE

युक्रेनले आफ्नो पुन र्निर्माणको क्रममा व्यापारबाट पनि फाइदा लिन सक्छ। श्री ट्रम्पले युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्की, युरोपेली संघ र अन्य प्रमुख विश्व नेताहरूलाई यसबारे जानकारी गराउनु भयो। नवनिर्वाचित पोप लियो चौधौंले रुस-युक्रेन वार्ता आयोजना गर्ने प्रस्ताव गर्नु भएको छ। टर्कीको इस्तानबुलमा भएको युद्धविराम वार्ता असफल भएपछि यो प्रस्ताव आएको हो। रुसी राष्ट्रपति पुटिनले सम्भावित शान्ति सम्झौतामा रुस युक्रेनसँग काम गर्न तयार रहेको पुष्टि गर्नु भएको छ। उहाले वार्ता सही दिशामा अगाडि बढिरहेको पनि बताउनु भएको छ । युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले पनि युक्रेन टर्की, स्विट्जरल्याण्ड वा भ्याटिकनमा रुससँग शान्ति वार्ता गर्न तयार रहेको बताउनु भयो। उहाले पूर्ण र बिना शर्त युद्धविरामको आह्वान गर्नु भएको छ। जेलेन्स्कीले रुसलाई यो महत्त्वपूर्ण संवादमा संलग्न हुन समान इच्छा देखाउन आग्रह गर्नु भएको छ।

****** ० ******